**मिति २०८०/०९/१३ गतेको गाउँ कार्यपालिकाको छैटौं बैठकमा पेश भएका प्रस्तावहरु:**

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगति समिक्षा गर्ने । | |
| २. | मंसिर मसान्त सम्मको प्रगति समिक्षा सम्बन्धमा । | चालु आ.व. २०८०/०८१ को मंसिर मसान्तसम्मको प्रगति समिक्षा गर्ने । | |
| ३. | नेपाल सरकार समपुरक अनुदान र विशेष अनुदानका आयोजना छनौट सम्बन्धमा । | नेपाल सरकार समपुरक अनुदान र विशेष अनुदानका आयोजना छनौट गर्ने । | |
| ४. | प्रदेश सरकार समपुरक अनुदान र विशेष अनुदानका आयोजना छनौट सम्बन्धमा । | प्रदेश सरकार समपुरक अनुदान र विशेष अनुदानका आयोजना छनौट गर्ने । | |
| ५. | सडक मर्मत सुधार आयोजना छनौट सम्बन्धमा । | सडक बोर्ड नेपाल र गाउँपालिकाको लागत साझेदारीमा चालु आ.व. २०८०/०८१ मा सञ्चालन गर्नु पर्ने सडक मर्मत सुधार कार्यक्रमको लागि आयोजना छनोट गर्ने | |
| ६. | कालिका मा.वि. डौरीमन्घरमा पर्खाल निर्माण सम्बन्धमा । | कालिका मा.वि. डौरीमन्घरमा पर्खाल निर्मणिको लागि आवश्यक बजेट व्यवस्था सम्बन्धमा । | |
| ७. | अस्थायी क्रसर उद्योग सञ्चालन अनुमति सम्बन्धमा । | सान्तडा-मेहेलतोली-पातिहाल्ना जाजरकोट सडक (सहिद मायाराम मार्ग) निर्माण कार्यको लागि आवश्यक स्थानीय निर्माण सामग्री प्रशोधनको लागि नाना कन्स्ट्रक्सन धादिङ्गले अस्थायी क्रसर उद्योग सञ्चालनको लागि अनुमति माग गरेको हुँदा छलफल तथा निर्णय गर्ने । | |
| ८. | सुझाव कार्यान्वयन सम्बन्धमा । | अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्धारा दिईएका सुझाव कार्यान्वयन गर्ने । | |
| ९. | युवा परिषद् गठन सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिकामा युवा परिषद् गठन गर्ने । | |
| १०. | आयोजनाको लागि अपुग रकम व्यवस्था सम्बन्धमा। | यस गाउँपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साईमेला पुग्या रातामाटा खानेपानी तथा सरसफाई योजना लागि अपुग रकम व्यवस्था गर्ने । | |
| ११. | विद्यालय सुपरिवेक्षक करार सेवामा पदपूर्ति सम्बन्धमा । | यस गाउँपालिकाको लागि विद्यालय सुपरिवेक्षक करार सेवामा पदपूर्तिको लागि पुनः विज्ञापन गर्ने । | |
| १२. | साना सिंचाई कार्यक्रम सम्बन्धमा । | नेपाल सरकार साना सिंचाई कार्यक्रम अन्तर्गत देहायका आयोजना कार्यान्वयनको लागि सिफारिस गर्ने । | |
| १३. | नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सम्बन्धमा । | नेपाल सरकारद्धारा सञ्चालन गरिने नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सहभागिता सम्बन्धी निर्णय गर्ने । | |
| १४. | करार सेवा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ संशोधन सम्बन्धमा । | करार सेवा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ को दफा ७ (ज) र अनुसूची ५ (ख) संशोधन गर्ने । | |

**मिति २०८०/०९/१३ गतेको गाउँ कार्यपालिकाको छैटौं बैठकबाट भएका निर्णयहरु:**

१. अघिल्लो बैठकबाट भएका निर्णय कार्यान्वियनको समिक्षा गरियो । कार्यान्वियन हुन बाँकी रहेका निर्णयहरु प्रभावकारी रुपमा समयमा नै कार्यान्वयन गर्न/गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

२. चालु आ.व. २०८०/०८१ को मंसिर मसान्तसम्मको प्रगति समिक्षा गरियो। गाउँपालिकाको सञ्चित कोष तर्फ कुल ४६ करोड सन्तानब्बे लाख चौरासी हजार ५ सय बजेट रहेकोमा बजेट रु. ३२ करोड ६६ लाख २७ हजार ५ सय मध्ये २४.०१ प्रतिशत खर्च भएको र पूँजीगत बजेट रु. १४ करोड ३१ लाख ५७ हजार मध्ये १५.६२ खर्च भएको पाईयो । समयमा नै आयोजना तथा कार्यक्रम सम्पन्न गर्नको लागि कामलाई तिव्रता दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

३. आगामी आ.व. २०८१/०८२ को लागि नेपाल सरकार समपुरक अनुदानतर्फ देहाय बमोजिमका आयोजनाहरु पेश गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन स्थान | कैफियत |
|---|---|---|---|
| १. | भगवतीमाई चक्रपथ निर्माण | वडा नं. १ देखि ७ सम्म | |
| २. | ६ नं. वडा कार्यालय भवन निर्माण | वडा नं. ६ | |
| ३. | मौलाडाँडा-भुर्सुली सडक | वडा नं. ३ | |
| ४. | वेस्तडा-जुम्लाकाफल-मलुका-कचाली जाजरकोट सडक निर्माण | वडा नं. ५ | |
| ५. | तुर्सेनी-बाटुलीचौर-भुर्सुली सडक आयोजना | वडा नं. ३ | |

४. आगामी आ.व. २०८१/०८२ को लागि नेपाल सरकार विशेष अनुदानतर्फ देहाय बमोजिमका आयोजनाहरु पेश गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन स्थान | कैफियत |
|---|---|---|---|
| १. | सहडे जुकेपानी पहरापानी मन्घर खानेपानी तथा सरसफाई आयोजना | वडा नं. ४ | क्रमागत |
| २. | सरस्वती आ.वि. भवन निर्माण | वडा नं. २ | |
| ३. | भगवती मा.वि. भवन निर्माण | वडा नं. ५ | |
| ४. | सरस्वती प्रा.वि. भवन निर्माण | वडा नं. ५ | |
| ५. | पगनाथ स्वास्थ्य चौकी घेरवार आयोजना | वडा नं. १ | |

५. आगामी आ.व. २०८१/०८२ को लागि कर्णाली प्रदेश सरकार समपुरक अनुदानतर्फ देहाय बमोजिमका आयोजनाहरु पेश गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन स्थान | कैफियत |
|---|---|---|---|
| १. | वावितडा-हे.पो.-वडा कार्यालय सडक स्तरोन्नती | वडा नं. १ | |
| २. | भगवतीमाई चक्रपथ निर्माण | वडा नं. १ देखि ७ सम्म | |
| ३. | टाटा-घुम्ने-तुर्सु पोखरा-पातिहाल्न सडक निर्माण | वडा नं. ४ | |

६. आगामी आ.व. २०८१/०८२ को लागि कर्णाली प्रदेश सरकार विशेष अनुदानतर्फ देहाय बमोजिमका आयोजनाहरु पेश गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन स्थान | कैफियत |
|---|---|---|---|
| १. | जनता प्रा.वि. चिपिनतडा भवन निर्माण | वडा नं. ६ | |
| २. | जनता आधारभूत विद्यालय भवन निर्माण | वडा नं. ७ | |
| ३. | कट्टी स्वास्थ्य चौकी भवन निर्माण | वडा नं. ५ | |

७. सडक बोर्ड नेपाल र गाउँपालिकाको लागत साझेदारीमा चालु आ.व. २०८०/०८१ मा सञ्चालन गर्नु पर्ने सडक मर्मत सुधार आयोजना अन्तर्गत देहाय बमोजिमका छनौट गर्ने ।

तपसिलः

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन स्थान | लागत सहभागिता | | |
|---|---|---|---|---|---|
| | | | सडक बोर्ड | गाउँपालिका | जम्मा |
| १. | सिडार-बाईसेरा सडक मर्मत सुधार कार्य | वडा नं. २ र ३ | १२५००००.०० | ५३५७१४.२९ | १७८५७१४.२९ |
| २. | वडाखोला-जोतिङ्ग सडक मर्मत सुधार कार्य | वडा नं. ७ र ६ | १२५००००.०० | ५३५७१४.२९ | १७८५७१४.२९ |
| | जम्मा | | २५०००००.० | १०७१४२८.५८ | ३५७१४२८.५८ |

८. कालिका मा.वि. डौरीमन्घर विद्यालय भवन निर्माणको लागि फिल्ड सम्याउने क्रममा सुख्खा पहिरो गई पर्खाल निर्माण गर्नुपर्ने भएकोले पर्खाल निर्माणको लागि आवश्यक रकम देहाय बमोजिम व्यवस्था गर्ने ।

| क्र.सं. | बजेट शिर्षक | रकम रु. | संशोधित योजना | रकम रु. |
|---|---|---|---|---|
| १. | वेमौसमी तरकारी विउ वितरणक कार्यक्रम, वडा नं. ४ | ४०,०००। | कालिका मा.वि. पर्खाल निर्माण, वडा नं. ४ | २,९०,०००। |
| २. | विपद् व्यवस्थापन कार्यक्रम, वडा नं. ४ | ५०,०००। | | |
| ३. | प्रकोष व्यवस्थापन कोष | २,००,०००। | | |

९. सान्तडा-मेहेलतोली-पातिहाल्ना जाजरकोट सडक (सहिद मयाराम मार्ग) निर्माण कार्यको लागि आवश्यक स्थानीय निर्माण सामग्री प्रशोधनको लागि नाना कन्स्ट्रक्सन धादिङ्गले अस्थायी क्रसर उद्योग सञ्चालनको लागि अनुमति माग गरेको हुँदा जिल्ला स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिसँग सहमति माग गर्ने ।

१०.अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त देहायका सुझावहरु कार्यान्वयन गर्ने गराउने।

| क्र.सं. | सुझाव | कार्यान्वयन अवस्था/योजना |
|---|---|---|
| १. | स्थानीय तहको राजश्व संकलन तथा खर्च लेखाङ्कन विषय स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application) SUTRA मा पुर्ण रुपमा आबद्ध गर्ने व्यवस्था गर्नुहुन । | यस गाउँपालिकामा खर्च लेखाङ्कन विषय स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application) SUTRA मा आ.व. २०७६/०७७ देखि पुर्ण रुपमा निरन्तर कार्यान्वयन ल्याईएको र राजस्व प्रणालीलाई चालु आ.व. २०८०/०८१ देखि पुर्ण रुपमा |

| क्र.सं. | सुझाव | कार्यान्वयन अवस्था/योजना |
|---|---|---|
| | | कार्यान्वयनमा ल्याईएको र आगामी आर्थिक वर्षहरुमा समेत निरन्तरता दिने प्रतिवद्धता गरियो । |
| २. | सेवा/अन्य सेवा लिँदा वा आय ठेक्का लगाउँदा वा निर्मित भौतिक संरचना भाडामा दिँदा प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरेर मात्र गर्ने । अविछिन्न रुपमा सञ्चालन हुनुपर्ने कार्य/सेवाको सन्दर्भमा भाडा बापत प्राप्त हुने आय रकम र सेवाको सुनिश्चितताको लागि सेवा लिने/दिने समय सीमा सहितको सम्झौतामा तोकिएको समयावधि समाप्त हुन अगावै त्यस्तो ठेक्काको प्रकृति हेरी टेण्डर प्रक्रिया सुरु गरी नयाँ ठेक्का सम्झौता गर्ने र सो सेवा तथा आयको निरन्तर सुनिश्चितताको व्यवस्था मिलाउने । समयमै ठेक्का लिने प्रक्रिया प्रारम्भ नगरेका कारण सरकार वा सार्वजनिक संस्थालाई हानी नोक्सानी हुन गएमा वा थप आर्थिक भार पर्न गएमा संलग्न पदाधिकारी माथि कानून बमोजिम कारबाही हुने । | सेवा/अन्य सेवा लिँदा वा आय ठेक्का लगाउँदा वा निर्मित भौतिक संरचना भाडामा दिँदा प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरेर मात्र गर्ने गरेको र आगामी दिनमा समेत कार्यान्वयन गरिनेछ । |
| ३. | स्थानीय तहद्धारा स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १३ अनुसार आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री ज्याला भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट निर्धारण गर्दा सार्वजनिक खरिद नियमावली २०६४ नियम १४८ अनुसारको दररेट निर्धारण समितिबाट निर्धारित दररेट समेतको नियम १४८ ४ अनुसार जिल्ला प्रशासन कार्यालयबाट जानकारी प्राप्त गरी उस्तै प्रकृति, स्थान विधि अनुसरण हुने काम कारवाहीको दररेटमा एकरुपता हुने गरी समन्वय गर्ने । | यस गाउँपालिकामा स्थानीय निर्माण सामग्री बाहेक अन्य दररेट जिल्ला दररेट निर्धारण समितिले निर्धारित दररेट नै हालसम्म कार्यान्वयनमा ल्याइएको र स्थानीय निर्माण सामग्रीको दररेट निर्धारण गर्दा स्थानीय श्रोत साधनको उपलब्धता र जिल्ला दररेट समेतलाई मध्यनजर गरी निर्धारण गर्ने गरिएको र सो प्रक्रियालाई आगामी दिनमा समेत निरन्तरता दिइनेछ । |

११. यस भगवतीमाई गाउँपालिकामा युवा परिषद् गठन गर्नको लागि पुर्ण प्रस्ताव पेश गर्न यस गाउँ कार्यपालिका अन्तर्गतको सामाजिक विकास समितिलाई निर्देशन गर्ने ।

१२. यस गाउँपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साईमेला पुग्या रातामाटा खानेपानी तथा सरसफाई योजनाको लागि अपुग रकम देहाय बमोजिम व्यवस्था गर्ने ।

<u>तपसिलः</u>

| क्र.सं. | बजेट शिर्षक | रकम | संशोधित योजना | रकम |
|---|---|---|---|---|
| १. | नाउलीकान्ला-ढकार-बाँसे सडक स्तरोन्नती साझेदारी | २,००,०००। | रातामाटा खानेपानी तथा सरसफाई योजना | २,००,०००। |

१३. यस गाउँपालिकाको लागि विद्यालय सुपरिवेक्षक करार सेवामा पदपूर्तिको लागि विज्ञापन प्रकाशन भएकोमा विद्यालय सुपरिवेक्षण तथा पेशागत सहायता निर्देशिका २०८० को दफा ५ को योग्यता सम्बन्धी व्यवस्था उपदफा (१) (छ) मा "माध्यामिक शिक्षकको स्थायी पदमा कम्तीमा दश वर्ष अनुभव हासिल गरेको वा नेपाल शिक्षा सेवाको अधिकृतस्तरको पदमा कम्तिमा दश वर्ष सेवा गरेको ।" सट्टामा "माध्यामिक तहको शिक्षक पद वा नेपाल शिक्षा सेवाको अधिकृत स्तरको पद वा शैक्षिक क्षेत्रमा अधिकृतस्तरको पदमा कम्तीमा ५ वर्ष सेवा गरेको ।" योग्यता राखी पुनः विज्ञापन गर्ने निर्णय गरियो ।

१४. नेपाल सरकार साना सिंचाई कार्यक्रम अन्तर्गत देहायका आयोजना कार्यान्वयनको लागि सिफारिस गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

| क्र.सं. | आयोजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | गौडाखेत सिंचाई पोखरी निर्माण | वडा नं. १ | |
| २. | रुम माझगाउँ सिंचाई पोखरी निर्माण | वडा नं. २ | |
| ३. | ढाँणमेला साना सिंचाई निर्माण | वडा नं. ३ | |
| ४. | सिमखोला सिंचाई निर्माण | वडा नं. ४ | |
| ५. | वोइखोला सिंचाई निर्माण | वडा नं. ५ | |
| ६. | झ्वामखोला जोतिङ्गे चिपिनतडा सिंचाई निर्माण | वडा नं. ६ | |
| ७. | रामतडा सिंचाई निर्माण | वडा नं. ७ | |

१५. नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा मिति २०८०/०९/०४ गते प्रकाशित सूचना बमोजिम नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रममा यस गाउँपालिकाको सहभागिताको लागि देहाय बमोजिम गर्नेः

क. नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० अनुसार आ.व. २०८०/०८१ मा कार्यक्रम संचालनको लागि कार्यविधिको दफा ४०(२) बमोजिमको मापदण्ड यस गाउँपालिकाबाट पुरा भई मन्त्रालयबाट स्वीकृत सूचीमा पर्न सफल भएको हुँदा यस गाउँपालिकाबाट उक्त कार्यक्रममा सहभागी हुने ।

ख. नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० मा तोकिएका मापदण्डहरुको पुर्णपालना गर्ने ।

ग. नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ४२ को उपदफा (१) बमोजिम गाउँपालिकाले प्राप्त गर्ने अनुदानको १५ प्रतिशत रकम लागत साझेदारी गर्ने ।

१६.यस "भगवतीमाई गाउँपालिका सेवा करारमा कर्मचारी व्यवस्थापन कार्यविधि, २०७७" देहाय बमोजिम संशोधन गर्ने ।

<u>तपसिलः</u>

| क्र.सं. | कार्यविधि रहेको व्यवस्था | संशोधित व्यहोरा |
|---|---|---|
| १. | कार्यविधिको दफा ७ को उपदफा (ज) "नगर प्रहरी बाहेक अन्य श्रेणीविहिन पदहरुमा लिखित तथा अन्तर्वार्ता परीक्षाको माध्यमबाट छनौट गरिने छ।" | दफा ७ को उपदफा (ज) "नगर प्रहरी बाहेक अन्य श्रेणीविहिन पदहरुमा अन्तर्वार्ता परीक्षाको माध्यमबाट छनौट गरिने छ।" |

<table>
<tr><th>क्र.सं.</th><th>कार्यविधि रहेको व्यवस्था</th><th>संशोधित व्यहोरा</th></tr>
<tr><td>२.</td><td>कार्यविधिको अनुसूची-५ ख मा<br><table><tr><td>क्र.स.</td><td>परीक्षाको किसिम</td><td>पुर्णाङ्क</td></tr><tr><td>१.</td><td>लिखित</td><td>१००</td></tr><tr><td>२.</td><td>अन्तरवार्ता</td><td>२०</td></tr></table></td><td>कार्यविधिको अनुसूची-५ ख मा<br><table><tr><td>क्र.स.</td><td>परीक्षाको किसिम</td><td>पुर्णाङ्क</td></tr><tr><td>१.</td><td>अन्तरवार्ता</td><td>५०</td></tr></table></td></tr>
</table>